# शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ७) शुद्धोधन, असार २० गते, २०८० साल, संख्याः २


भाग-१

## शुद्धोधन गाउँपालिकाको, विनियोजन ऐन, २०८०

**शुद्धोधन गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन - २०८०**

**प्रस्तावनाः** शुद्धोधन गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा बमोजिम (२) १४ औं गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः.**

१) यस ऐनको नाम "**शुद्धोधन गाउँपालिकाको विनियोजन ऐन, २०८०** "रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१)आर्थिक वर्ष २०८०/०८१ को निमित्त शुद्धोधन गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत

गरी जम्मा रकम **रु. ७४,६९,२४,२८२।- (अक्षेरुपी चौहत्तर करोड उन्सत्तरी लाख चौविस हजार दुई सय बयासी)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ । तर गत बर्षको अल्या, अन्तरसरकारी हस्तान्तरण तथा अन्य कोष खाताका रकम खर्च कानून बमोजिम हुनेछ । ससर्त तर्फ र समपूरक तर्फको रकम समेत प्रचलित कानूनको अधिनमा रहि खर्च गरिनेछ ।

**३. विनियोजनः**

१) यस ऐनद्धारा सञ्चितकोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त शुद्धोधन गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।आ.व. २०८०/०८१ को व्ययको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

प्रमाणिकरण मितिः२०८०/३/१९

आज्ञाले
लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत